# एउटा कुरा मात्रै महत्वपुर्ण छ । Pastor S. James

**Jan. 26th, 2023**

**प्रार्थना**

*प्रभु धन्यबाद , धन्यबाद धन्यबाद प्रभु तपाइको बचनमा जीवन छ । त्यो बचन बुझ्नको लागी आत्मिक हृदय खोलीदिनुस् । तपाइको आज्ञाहरु बुझेर त्यसमा चल्नको लागी हजुरको अनुग्रह दिनुस् प्रभु । तपाइको अनुग्रह बिना हामी केहि पनि गर्न सक्दैनौ प्रभु । आउनुहोस् प्रभु छुनुहोस् र आत्मिक आखाँ खोलिदिनुहोस् प्रभु । प्रभु हामीलाइ बुद्धि र प्रकासको आत्मा दिनुहोस् प्रभु । यो सबै प्रार्थना येशु मशिहको नाममा माग्दछु आमेन ।*

उद्धार पाए पछि कति चोटि हामी सोच्छौ हामीलाइ यो संसार बाट उठाएर प्रभुको पास लैजानु भयो भने कति असल हुने थियो । त्यस्तो सोच्नु हुन्न हामी यो संसारको होइनौ र पनि परमेश्वरले हामीलाइ यो संसारमा केहि समयको लागी राख्नुभएको छ । यो जीवन अलग्गै हो । हाम्रो उद्धारमा आउनु भन्दा पहिला संसारीक जीवन थियो हामीले परमेश्वरलाइ नचिनेर उद्धार नपाएको भए हाम्रो शरिर को साथै एक दिन प्राणको पनि मृत्यु हुने थियो । त्यो मृत्यु देखि परमेश्वरले हामीलाइ बचाउनु भयो । हामीलाइ त्यस पछि बिश्वासको जीवनको लागी बोलाउनु भएको छ । यि कुराहरु हामीले इजरायलीहरुको इतिहास बाट पनि सिक्न सक्छौ । उनीहरु मिश्र देशमा थिए एकै दिन र एकै रातमा उनीहरुले थुमाको रगतमा बिश्वास गरेको कारणले उनीहरुलाइ परमेश्वरले मिश्र देश बाट निकाल्नु भयो । मिश्र देश बाट निकाले पछि उनीहरुलाइ परमेश्वरले मरभुमिमा ल्याउनु भयो । मोशाको अधिनमा ब्यबस्था सिक्नको लागी खास गरी मिश्र देश देखि प्रतिज्ञाको देश सम्म पुग्नको लागी ११ दिनको यात्रा थियो । यिनीहरु बिश्वासमा बालकै थिए । त्यसकारणले परमेश्वरले त्यो ११ दिनको यात्रालाइ २ शाल बनाइदिनु भयो । त्यस पछि कादेश बर्निया भन्ने देशमा पुग्दा खेरी परमेश्वरले कनान देश देखाउनु भयो । तर उनीहरुलाइ जान मन लागेन । त्यसकारणले ३८ शाल उतै घुमेर घुमेर त्यहि नै मरे । त्यस पछि दोस्रो पुस्ता उठे पछि उनीहरु प्रतिज्ञाको देश जानको लागी तयारी भएका छन् । त्यो देश बिश्वासमा कब्जा गर्न तयार भएका छन् । त्यसै गरी हामीलाइ पनि येशुको रगत द्वारा उद्धारमा ल्याउनु भएको छ। त्यस उद्धारलाइ बिश्वासमा कब्जा गर्नु पर्छ ।

रोमी १:१६-१७ [16]म सुसमाचारसंग शर्माउनदिन तर गौरव गर्छु। सुसमाचार त्यस्तो शक्ति हो जुन परमेश्वरले प्रयोग गर्नुहुन्छ। जसले उहाँमाथि विश्वास गर्छ पहिले यहूदी र गैर-यहूदीहरूलाई रक्षा गर्नलाई प्रयोग गर्नुहुन्छ।
[17]सुसमाचारले मानिसहरूलाई उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमश्वरको बाटोले मानिसहरूलाई शुरुदेखि अन्तसम्म विश्वासद्वारा धार्मिकता तिर डोर्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको छ, "जुन मानिस परमेश्वरको विश्वासमा ठीक रहँदछ उ अनन्त सम्म बाँच्नेछ।"

यहाँ सुसमाचारको बारेमा लेखेको छ । म सुसमाचार संग सर्माउदिन लेखेको छ । यो सुसमाचारमा उद्धारको शक्ति छ ।

मर्कुस १:१ येशूख्रीष्ट, परमेश्वरको पुत्रको सुसमाचार, अगमवक्ता यशैयाहले भनेका घट्नाबाटै आरम्भ हुन्छ।

सुसमाचार भन्नाले परमेश्वरको पुत्र येशु मशिहको सुसमाचार हो ।

मत्ति ४:२३ [23]येशूले गालीलका सबै ठाउँहरूमा यात्रा गर्नुभयो। उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन लाग्नुभयो अनि स्वर्गको राज्यको बारेमा सुसमाचार प्रचार गर्नुभयो। उहाँले मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक कमजोरीहरूलाई निको पार्नुभयो।

सुसमाचार येशुको समाचार हो । येशुको राज्यको समाचार हो । यो सुसमाचार सबै भन्दा पहिला सुन्ने ब्यक्ति अब्राहाम हो ।

गलाती ३:८ [8]धर्म शास्त्रले भनेको थियो कि गैर-यहूदीहरूलाई विश्वासद्वारा परमेश्वरको धर्मी ठहराउनुहुनेछ। अब्राहमलाई यो सुसमाचार अघि नै सुनाइएको थियो, जस्तो शास्त्रले भन्छ, "तिमीद्वारा सम्पूर्ण जातिहरूलाई आशीर्वाद दिइनेछ।"

बिश्वास द्वारा येशु मशिहमा धार्मीकता ठहरिन्छ भन्ने सुसमाचार सबै भन्दा पहिला परमेश्वरले अब्राहाम संग बाट्नु भएको थियो । उत्पत्ति १५ मा परमेश्वरले अब्राहाम लाइ ताराहरु देखाएर तिम्रो संन्तान यस्तै हुनेछ। अब्राहामले पहिला त्यो तारामा येशुको दर्शन पायो र येशु माथि बिश्वास राख्यो र धर्मी ठहरियो ।र त्यति खेरै हामी संग अब्राहाम संगै सुसमाचार बाट्नुभयो । त्यो समयमा अब्राहामको खतना भएको थिएन । त्यसकारणले खतना भएको यहुदि खतना नभएको अन्य जाति सबै अब्राहाममा थिए । त्यो सुसमाचार अब्राहमलाइ पहिला नै सुसमाचार बाटिसकेको थियो । खतना को पछि अब्राहामले येशुको दर्शन पाएको भए हामी अब्राहम संग जोडिने थिएनौ । तर यो सुसमाचार अब्राहामको खतनाको अघि भएको हो । त्यस कारणले अन्य जाति होस् या यहुदी जसले पनि येशु माथि बिश्वास राख्छ त्यसको पिता अब्राहम हुन्छ ।
हिब्रु ४:२ [2]जस्तो तिनीहरूलाई भनियो त्यस्तै प्रकारले बाँच्ने उपाय हामीलाई पनि बताइएको छ। तर तिनीहरूले उपदेश त सुने तर विश्वाससित ग्रहण गरेनन्।

यो परमेश्वर मिश्र देशमा भएका र उजाड स्थानमा भएका यहुदि को बारेमा भन्नु भएको हो । तिनीहरुलाइ पनि यहि सुसमाचार बाढिएको थियो । बिश्वास द्वारा परमेश्वर बाट धार्मीकता आउछ यहि हो सुसमाचार । हाम्रो आफ्नै काम बाट आउने धार्मीकता होइन । ब्यबस्था पालन गरेर आउने धार्मीकता होइन येशु माथि बिश्वास द्वारा परमेश्वर बाट आउने धार्मीकता छ ,यो हो सुसमाचार । र यो सुसमाचारमा परमेश्वरको शक्ति छ र जसले येशु मशिहमा बिश्वास गर्छ त्यसको जीवनमा परमेश्वरको शक्ति आउछ र उ दोबारा फेरी जन्म लिन्छ । त्यसलाइ परमेश्वर धर्मी मान्नुहुन्छ ।

रोमी १:१७ [17]सुसमाचारले मानिसहरूलाई उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमश्वरको बाटोले मानिसहरूलाई शुरूदेखि अन्तसम्म विश्वासद्वारा धार्मिकता तिर डोर्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको छ, "जुन मानिस परमेश्वरको विश्वासमा ठीक रहँदछ उ अनन्त सम्म बाँच्नेछ।"

यो पदमा यो लेखिएको छ। परमेश्वरमा बिश्वास द्वारा नै धर्मी ठहरन्छ र उ बिश्वास द्वारा नै जीउदछ। बिश्वास भनेकै एउटा जीवन हो। अर्को अबिश्वास र संसारको जीवनमा धार्मीकता छैन। परमेश्वरमा बिश्वास बाहेक अर्को जीवन परमेश्वर मान्नुहुन्न। असल र परमेश्वरलाइ मन पर्ने बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वरको बचन बाट आउछ। परमेश्वरको बचनले भन्दछ येशु बाटो, सत्य र जीवन हुनुहुन्छ। उहाँको काममा बिश्वास गरेमा हाम्रो शरिरको होइन हाम्रो प्राणको उद्धार हुन्छ। हाम्रौ प्राण नरकमा जादैन। लाजरस र धनी मान्छे दुबै शरीरमा मरे। शरीरमा दुबैको असर एउटै हो तर प्राणमा हुने असर एउटै होइन। जस जसले उद्धार पाएका छन् उसको प्राण परमेश्वरको उपस्थितीमा जान्छ। र जस जसले उद्धार पाएका छैनन् उनीहरुको प्राण नरकमा जान्छ त्यसकारणले जस जसको उद्धार हुन्छ त्यसले प्राणको दण्ड देखि मुक्ति पाउछ।

१ पत्रुस १:९ [9]तिमीहरुको विश्वासको एक लक्ष्य छ। त्यो लक्ष्य तिमीहरुको आत्मा बचाउँनु हो। अनि तिमीहरुले तिमीहरुको लक्ष्य जो मुक्तिको निम्ति हो त्यो प्राप्त गर्दैछौ।

बिश्वास द्वारा हाम्रो प्राणले मुक्ति पाउछ। पुरानो नियममा हेर्ने हो भने यहोशुको पुस्तकमा यहोशु को पुस्ताले प्रतिज्ञाको देश पाउनलाइ पुरै लडाइ गरेर कब्जा गर्न पर्‍यो। कब्जा गरे पछि उनीहरुले प्रतिज्ञाको देश पाएर बिश्राम पाए त्यसरी नै हामीले पनि बिश्वास को लडाइ लडेर लडेर जिते पछि हाम्रो प्राणले बिश्राम पाउछ। बिश्वासको लडाइ लड्दै लड्दै परमेश्वरको हाम्रो जीवनमा योजना छ त्यो पनि हामीले यो संसारमा हुदा नै पुरा गर्नु पर्छ। यो दुइ कुरामा हामीले एउटा मात्र पुरा गर्न सक्छ।

१ कोरिन्थी ९:२७ [27]नियन्त्रणको लागि म आफ्नै शरीरलाई कठोर व्यवहार गर्छु। मैले यसो गरेको खण्डमा अरू मानिसहरू माझ प्रचार गरे पछि म आफै परमेश्वरबाट तिरस्कृत हुने छैन।

पावलको जीवनमा परमेश्वरको योजना प्रचार गर्नु हो।प्रचार गरे पछि परमेश्वरको योजना पावलको जीवनमा पुरा गरे पछि पनि पावल भन्दै छन्। म अयोग्य पनि ठहरिन सक्छु। किनभने प्राणले परमेश्वरको राज्यलाइ कब्जामा लिएर आएन त्यसकारणले असल सुसमचार भन्नाले परमेश्वरको राज्यको सुसमाचार हो। उद्धार को पहिलो चिन्ह हो पबित्र आत्मा हाम्रो आत्मामा आउनुभयो। येशुले भन्नुभयो म हु बाटो ,सत्य र जीवन यहि कुरा सिकाउन र यो बाटो देखाउन येशुको आत्मा पबित्र आत्मा यस संसारमा आउनुभयो। यो पबित्र आत्मा परमेश्वरको बचन सुन्ने मान्छेमा छैन भने यो बचन जति नै बोले पनि निस्फल हुन्छ।

युहन्ना ६:६३ [63]त्यो आत्मा हो जसले मानिसलाई जीवन दिन्छ। शरीरबाट केही फाईदा छैन। म जो चीज तिमीहरूलाई भन्छु त्यो आत्मा हो तिनहरूले जीवन दिन्छ।

जिवन दिनुहुने येशु को आत्मा हाम्रो भित्र छैन भने हाम्रो जीवनमा शरीरबाट केहि पनि फाइदा हुदैन। धरम परिवर्तन मात्र हुन्छ आत्मामा हामी जन्मेका हुदैनौ। त्यसैले उद्धार को पहिलो चिन्ह नै पबित्र आत्मा हाम्रो भित्र आउनुहुन्छ। त्यस पछि परमेश्वरको बचनले हाम्रो जीवनमा काम गर्छ र बिश्वासको जीवन शुरु हुन्छ।

युहन्ना १:१७ [17]मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो।

येशु यस संसारमा दुइ वटा कुरा अनुग्रह र सत्य लिएर आउनु भयो।

गलाती ३:२३-२६ [23]जब सम्म यो विश्वास आएको थिएन हामीहरू व्यवस्थाको कैदी थियौं। जब सम्म परमेश्वरमा गर्नु पर्ने विश्वास गर्दैनौं, हामी स्वतन्त्र हुँदैनौं।
[24]यसले गर्दा ख्रीष्टको आगमन सम्म व्यवस्था हाम्रो अभिभावक थियो। ख्रीष्ट आए पछि विश्वासद्वारा हामी धर्मी बन्न सक्यौं।
[25]अब विश्वासको बाटो खुलेकोछ र हामी व्यवस्थाको संरक्षणमा छैनौं।[26]यसकारण अब विश्वासद्वारा ख्रीष्टमा तिमीहरू परमेश्वरका बालकहरू हौ।[29]तिमीहरू ख्रीष्टमा हौ भने तिमीहरू अब्राहामका सन्तान हौ। यसको अर्थ अब्राहामसित परमेश्वरले प्रतिज्ञा गरेको जम्मै आशिष पाउँनेछौं।

बिश्वास द्वारा हामी परमेश्वरको संन्तान भयौ र अर्को हामी बिश्वास द्वारा परमेश्वरका उत्तराधिकारी पनि भएका छौ।

गलाती ४:१-२ यो तिमीहरूलाई भन्न चाहन्छुः उत्तराधिकारी जब सम्म बालक रहन्छ उ र कमारामा कुनै भिन्नता रहँदैन। यो सत्य हो यद्यपि उसले आफ्नो अधिकारमा रहेको प्रत्येक कुरो पाउँछ।
[2]किन? किनभने बालक छउञ्जेल उसले आफ्नो अभिभावक र संरक्षकको आज्ञा मान्नुपर्छ। तर बालक जब आफ्ना बाबुले तोकिदिएको उमेरमा पुग्छ, उ मुक्त हुन्छ।

उत्तराधिकारी जब सम्म बालक नै हो भने कमारा भन्दा केहि फरक हुदैन। मिश्र देश देखि थुमाको रगतमा बिश्वास राखेको इजरायलीहरु सबै परमेश्वरको संन्तान थिए।मतलब परमेश्वरको उत्तराधिकारी र पनि सबै जना परमेश्वरमा बालकै थिए। त्यसकारणले परमेश्वरले मोशाको अधिनमा र ब्यबस्थामा राख्नुभयो। जति पनि येशुमा बिश्वास गरेर उद्धारमा आएका छन् ति सबै जना परमेश्वरका संन्तान र उत्तराधिकारी हुन्। र पनि उत्तराधिकारी बालक हो भने कमारा भन्दा फरक हुदैन। बालक को स्वरुप के हो ?

१ युहन्ना ५: [21]यसर्थ प्रिय बालकहरु! तिमीहरु स्वयंलाई झूटो देवताहरुबाट टाढा राख।

मुर्ति भनेको झुटो देबता भनेको बिश्वासीको घरमा मुर्ति त हुदैन तर यो मुर्ति भनेको दुइ वटा जीवन हुन्छ एउटा मेरो इच्छाको अनुसारको जीउने जीवन र अर्को परमेश्वरको इच्छाको अनुसारको जीउने जीवन। बालकहरुलाइ केहि समय एक्लै छोडिदियो भने उनीहरु आफ्नै अनुसार चल्न थाल्छन्। आमा बाबाले भनेको कुरा एकै क्षणमा बिर्सि हाल्छन्। त्यसैगरी हामी आफ्नै इच्छामा चल्छौ भने हामी पनि बालक नै हुन्छौ। आफ्नो इच्छामा होइन बिश्वासमा चल्ने मान्छे बालक देखि पपिक्वतामा पुग्छ। पहिलो पुस्ता उमेरमा शरीरमा बढेका थिए तर आत्मामा परमेश्वरमा बालकै थिए। उनीहरु परमेश्वरको इच्छामा नचलेर आफ्नै इच्छामा चलेका थिए।

गन्ती १२:१-२ रियम र हारूनले मोशाको विरूद्धमा आलोचना गरे किनभने तिनले एउटी कूशी महिलासित विवाह गरे।
[2]तिनीहरूले भने, "के परमप्रभु मोशा मार्फत मात्र बोल्नु भयो र? के उहाँ हामी मार्फत बोल्नु भएन?"परमप्रभुले यो कुरा सुन्नुभयो।

यहाँ हारुन र मिरियम थिइन्। हारुन मुख्य पुजाहारी र मोशाको दिदी त्यहाँ सबै जना आफ्नै इच्छामा चलेका थिए मोशा मात्र परमेश्वरको इच्छामा चलेका थिए। र पनि मोशाको बिरुद्धमा यि दुइ जना पनि उठे। ४ पदमा हेर्‍यौ भने परमेश्वर यि दुइ ब्यक्ति संग प्रसन्न हुनुहुदैन

थियो । त्यसैले परमेश्वरले मोशा संग अलग हुनु तिनीहरु संग भन्नुभयो । परमेश्वरले मोशालाइ मात्र मान्नुभयो परमेश्वरको नजरमा मुख्य पुजाहारी हारुन र अगमबाणी बोल्ने मिरीयम दुबै जना बालकै थिए ।

गन्ती १६:१ यिसहारको छोरो, कहातको नाति अनि लेवीको पनाति कोरह अनि रूबेन कुलका एलीआबका छोराहरू दातान र अबीराम अनि पेलेतका छोरा ओन अट्टेरी भए।
²इस्राएलका 250 मानिसहरू साथमा लिएर मोशाको विरोधमा गए। ती 250 मानिसहरू नाम चलेका तथा नेताहरू थिए।

२५० मानिसहरु मोशाको बिरुद्धमा खडा भए । यिनीहरु सबै उमेरमा बढेका छन् र पनि परमेश्वरमा यिनीहरु बलक हुन् । यिनीहरु परमेश्वरको नाम उपयोग गर्छन् तर परमेश्वरको इच्छामा नचलेर आफ्नै इच्छामा चल्छन् । त्यसकारण यिनीहरुलाइ पनि परमेश्वर तिरस्कार गर्नुहुन्छ।

लेवि १०:१-२ सपछि हारूनका छोराहरू नादाब र अबीहूले परमप्रभुअघि धूप जलाउनको लागी आफ्नो धूपदानीमा आगो प्रयोग गर्दै सल्काए जसकालागि उहाँले तिनीहरूलाई अनुमति दिनु भएको थिएन।
²यसर्थ परमप्रभुको उपस्थितिबाट आगो निस्कियो र तिनीहरूलाई परमप्रभुको सामुन्ने जलायो।

यो मर्ने नादाब र अबीहु मुख्य पुजाहारी हारुन का छोराहरु थिए । आज हामी पनि त्यस्तो गर्दा हामी शारिरीक रुपमा हामी मर्दैनौ तर आत्मिक रुपमा हामी मर्छौं । शरीरमा नमरेको कारणले गर्दा शारिरीक सेवाकाइ त चलिरहन्छ तर त्यो सेवाकाइ प्राणमा मरेको सेवाकाइ हुन्छ । उजाड स्थानमा हारुन र मिरीयम सेवाकाइ गर्दथे तर परमेश्वरको इच्छामा होइन आफ्नै इच्छामा गर्दथे ।

गन्ती १४:१-४ बै मानिसहरू छाउनीभित्र त्यस रातभरि कराई कराई रोइ रहे।
²इस्राएलका सबै मानिसहरूले मोशा र हारूनको विरुद्धमा गनगनाए। सबै मानिसहरूले तिनीहरूलाई भने, "यदि हामी मिश्रदेशमा नै अर्थात् यो मरूभूमिमा मरेको भए राम्रो हुनेथियो।
³किन परमप्रभुले हामीलाई लडाईमा तरवारले काटी मार्न त्यस भूमिमा लैजानु हुँदैछ? हाम्रा जहान बालबच्चाहरू पनि लूटिने समान झैं लूटमा पक्रा पर्नेछन्। हामीलाई मिश्र देशमा फर्किनु नै असल हुन्छ।"
⁴तिनीहरूले एक अर्कामा भने, "एकजना अगुवा चुनौं र मिश्रदेश फर्कौं।"

सारा समाज मिलेर भन्दैछन् हामी एक जना अगुवा चुनेर मिश्र देश फर्कौं । तर एक जना पनि मिश्र देश फर्केनन् । भन्नु को मतलब उनीहरुको उद्धार उनीहरुले गुमाएनन् । लाल समुन्द्र देखि आएका मान्छेहरु उद्धार पाए तर बालक नै रहे । येहोशु र कालेब बाहेक एक जना पनि प्रतिज्ञाको देश जान सकेनन् । परमेश्वरले भन्नुभयो म जीवन लिएर आए त्यो पनि प्रसस्त मात्राको जीवन लिएर आउनुभयो । त्यो जीवन पाउनको लागी बालक ले पाउन सक्दैन । १ युहन्नाको पुस्तकमा यसरी भन्छ । बालकहरुलाइ पापको क्षमाको बारेमा मात्र थाहाँ छ ।

येहाशु १:१-२ शा परमप्रभुका दास थिए। नूनका छोरा यहोशू मोशाका सहायक थिए। मोशाको मृत्यु भए पछि, परमप्रभु यहोशूसित बात गर्नुभयो। परमप्रभुले भन्नुभयो,
²"मेरो दास मोशाको मृत्यु भयो। अब तिमी अनि यी मानिसहरू यर्दन नदी पार गरी जानु पर्छ। तिमीहरू त्यो भूमिमा अवश्यै जानु पर्छ जुन चाहि तिमीहरू इस्राएलका मानिसहरूलाई दिदैछु।

येहोशु संग परमेश्वर मोशा मरे पछि मात्र बोल्नुभयो । येहोशु भनेको येशुको प्रतिकमा हुनुहुन्छ । येहोशु येशु होइन येशु को प्रतिकमा बनाउनु भयो । प्रकासको पुस्तकमा हेर्दा जो जित बारेमा लेखेको छ । जो जित्छ सबैको उत्तराधिकारी हुन्छ । यो जितको सिद्धान्त हामी नयाँ नियम बाट सिक्न सक्छौ उदाहरण को लागी हामीलाइ सन्तहरुको बादलले घेरीराखेका छन् ।त्यो बादलमा भएको एउटा सन्त यहोशु हुन् । त्यसकारणले यहोशुबाट हामीले सिक्नु पर्छ ।यहोशु संग परमेश्वर मोशा को मृत्यु भए पछि मात्र बोल्नु भयो । त्यसैगरी जब सम्म हामी पनि ब्यबस्थाको अधिनमा हुन्छौ र बालक को रुपमा हामी हुन्छौ हामी संग परमेश्वर बोल्नुहुन्न । बिश्वास सुरु गर्ने र अन्त गर्ने येशुलाइ हामीले हेर्नु पर्छ जसको कारणले हामीले यो बिश्वासको लडाइ कसरी जित्नु पर्ने हो हामी उहाँ संग सिक्न सक्छौ ।

१पत्रुस ४:१-२ ब ख्रीष्ट आफ्नो शरीरमा हुनु हुन्थ्यो, उहाँले यातना भोग्नु भयो। यसर्थ तिमीहरुले ख्रीष्ट कै विचारमा स्वयंलाई तयार पार्नु पर्छ। एक मानिस जसले आफ्नो शरीरमा रहँदा यातना भोगेकाछन् उसले पाप गर्न छोडेको छ।
²तिमीहरु स्वयंलाई तयार पार जसद्वारा तिमीहरु परमेश्वरको इच्छा अनुसारको कार्यमा बाँचेको जीवन उपयोग गर्नेछौ अनि मानिसहरुको विचार अनुसार होइन।

परमेश्वरको इच्छामा जीवन बिताउनको लागी हाम्रो शारीरिक जीवनको लडाइ हन्छ त्यो लडाइ हामीले लड्नु पर्छ येशुले पनि शारीरिक लडाइ ३० बर्ष सम्म लडे पछि मात्र प्रकट हुनुभयो । जब सम्म हामी शरीर को लडाइ संग बिजय पाउदैनौ तब सम्म परमेश्वरको इच्छामा हामी चन सक्दैनौ । यो दुइ वटा जीवनमा एकै चोटि हामी चल्न सक्दैनौ एउटा जीवन परमेश्वरको कुइच्छामा चलेको जीवन र अर्को परमेश्वरको इच्छामा धार्मीकतामा चल्ने जीवन संगै जीउन सक्दैन । हामीले यहोशुको जीवन लाइ हेरौं।

प्रस्थान १७: ⁹यसर्थ मोशाले यहोशूलाई भने, "केही मानिसहरूलाई छान र भोलि अमालेकीहरूसित युद्ध गर्न जाऊ। म पर्वतमाथि बसेर तिमीलाई हेर्नेछु। म त्यहाँ परमेश्वरको लहुरो पक्वी रहनेछु।"
¹⁰यहोशूले मोशाको आज्ञा पालन गरे। अर्को दिन उनी अमालेकीहरूसित युद्ध गर्न गए। त्यही समय मोशा, हारून र हूर पर्वतको टाकुरामा गए।

अमालेकी भनेको हाम्रो पुरानो श्वभाब हो । परमेश्वरको कुइच्छामा चलेको जीवन हो अमालेकी । शावललाइ परमेश्वरले शिहासन बाट निकाल्नुको कारण शावलले अमालेकीहरुको बिरुद्धमा लडाइ गरेनन् । अमालेकी भनेको यो शारिरीक अभिलाषा को जीवन हो । यस अमालेकी हरुको बिरुद्धमा हामी लडाइ गर्नु पर्छ । पुस्ता पुस्तामा अमालेकीहरु संग परमेश्वर लडाइ गर्नु हुन्छ भनेर भन्दछ ।

¹⁶मोशाले भने, "मैले परमप्रभुको सिंहासनतिर हात बढाएको थिएँ। यसकारण परमप्रभुले अमालेकीहरूको विरोधमा लडाइँ गर्नु भयो उहाँ यो सधैं गर्नु हुन्छ।"

परमेश्वर हर पुस्ताको अमालेकीहरु संग लडाइ गर्न तयार हुनुभयो । इजरायलीहरु पहिलो पुस्ता आफ्नै शारिरीक इच्छाको बिरुद्ध लडाइ गर्न सकेनन् त्यसकारणले उनीहरु प्रतिज्ञाको देशमा पुग्न सकेनन् । दोस्रो पुस्ता आफ्नै शारिरीक कुइच्छा संग अमालेकीको बिरुद्धमा लडाइ गर्न तयार भएको कारण परमेश्वरले उनीहरुलाइ प्रतिज्ञाको देशमा लिएर जानुभयो ।

[13] यसरी यहोशू र उसका मानिसहरूले अमालेकीहरूलाई यस युद्धमा परास्त गरे।
[14] तब परमप्रभुले मोशालाई भन्नु भयो, "यस युद्ध बारे एउटा पुस्तकमा लेख अनि यहोशूलाई भन म अमालेकीहरूलाई सम्पूर्ण रूपले ध्वंश गरिदिनेछु।"

यहोशुले अमालेकीहरुलाइ युद्धमा तरबारले जीते । त्यसै गरी हामी पनि शारीरिक अभिलाषाको अमालेकीको बिरुद्धमा लडाइ गर्नको लागी परमेश्वरको जीवित बचनको तरबारले मात्र जित्न सक्छौ । १४ पद अनुसार एक दिन जब परमेश्वरको १००० शालको राज्य पछि संसार बाट सधै को अमालेकीहरुलाइ नास पार्नु हुनेछ । बिश्वास मा आत्माले डोराएका मान्छेहरु मात्र अनन्त काल सम्म हुन्छन् । शारीरिक कुइच्छामा चल्नेहरु एक जना पनि रहदैनन् सबैको नास हुनेछ । त्यसकारणले गर्दा हामी बिश्वासीहरु अहिले देखिनै परमेश्वरको इच्छामा चल्नको लागी र अमालेकी को बिरुद्धमा लडनको लागी पबित्र आत्मा को अगुवाइमा चल्नको लागी तयारी हुनु पर्छ ।

प्रस्थान २४:१३ [13] यसकारण मोशा र उसका सहायक यहोशू उठे अनि मोशा परमेश्वरको पर्वतमाथि चढे।

मोशाको लागी यि सबै कुरा गर्न सजिलो हो तर यहोशु को लागी यि सबै कुरा उसको लागी नयाँ हो ।र पनि यहोशु मोशा संग परमेश्वरको उपस्थितीमा गए । यसै गरी हामी पनि परमेश्वरको उपस्थितीमा जानु पर्छ र हाम्रो लागी पनि यो कठिन छ । बिहानै उठेर परमेश्वरको उपस्थितीमा जानको लागी बिहान उठ्नु एउटा लडाइ हो । अर्को परमेश्वरको उपस्थितीमा जानु अर्को लडाइ हो हामी सबै बिहान फेस बुकमा मोबाइलमा जान मन पर्छ । बिहान उठे पनि परमेश्वरलाइ आराधना चढाउन सक्छ कि सक्दैन परमेश्वरको बचन पढ्न सक्छ कि सक्दैन । यसैयाले यसरी भन्छन् बिहानै बिहान परमेश्वर तपाइले मलाइ जगाउनु भयो तपाइको उपस्थितीमा आउनको लागी जसको कारणले म तपाइको बिरोधी भइन भनेर भन्छन् । यसै गरी येशु पनि बिहानै उठेर उजाड स्थानमा गएर प्रार्थना गर्नुभयो । यस्तै हाम्रो जीवनमा पनि हुन जरुरी छ एक दिन को लागी होइन जीवनको अन्त सम्म यसरी नै हामी जीउनु पर्छ । प्रतिज्ञाको देश त्यसै जान सक्दैन त्यसको लागी एउटा तयारीको लागी अभ्यासको जीवन छ । त्यो एक दिन गरेर र एक दिनमा मा हुने होइन जीवन भरी शारीरिक इच्छाको अमालेकीहरुलाइ हर दिन लडाइ गर्दै जित्दै जाने यो एउटा प्रकिया र अभ्यास हो । बिना अभ्यास यो आत्मिक लडाइ लड्यो भने मान्छे घाएल हुन्छ । यहोशुले पहिला अमालेकी अर्थात शारीरिक कुइच्छा संग लडाइ गर्न तयार भयो । दोस्रोमा परमेश्वरको उपस्थितीमा गयो र तेस्रोमा

प्रस्थान ३३:११ [11] यस रीति अनुसार परमप्रभुले मोशासंग साथी जस्तै कुरा गर्नु हुन्थ्यो। परमप्रभुसंग कुरा गरिसकेपछि मोशा पालमा फर्कन्थे। तर उसको युवक सहायक नूनको छोरा यहोशू पालभित्र नैं रहन्थ्यो।

तेस्रोमा परमेश्वरको उपस्थितीमा जाने मात्र होइन परमेश्वरको उपस्थितीमा बस्ने र समय बिताउनु पर्छ जसरी यहोशु परमेश्वरको उपस्थितीमा पाल भित्रै नै रहिरहन्थे । सिनेमा हेर्नको लागी २ घण्टा बस्नको लागी लडाइ नै छैन किनभने त्यो शारीरिक हो । संसारको खेल खेल्नको लागी होस् यि सबै कुराको लागी लडाइ नै छैन तर आत्मिक कुराको लागी लडाइ छ । यो सबै कुरा हामीले परमेश्वरको प्रतिज्ञाको देश जानको लागी गर्नु पर्ने लडाइ हो ।

गन्ती ११:२८ [28] युवावस्थाबाट नै मोशाको सहायक रहेको नूनका छोरा यहोशूले तिनलाई भन्यो, "हे परमप्रभु! तिनीहरूलाई रोक्नु होस्।"

यहोशु मोशा संग धेरै शाल हिडेता पनि अझै पनि मोशा जस्तो हुन सकेको छैन ।

गलाती ५:६ [6] कोही ख्रीष्ट येशूमा छ भने त्यसको खतना भएको छ कि छैन त्यो कुनै मुख्य कुरो होइन। तर मुख्य कुरो त हो विश्वास जुन प्रेमबाट आफै प्रकट हुन्छ।
यहाँ २ वटा कुरा मात्र मुख्य छ । एउटा बिश्वास अर्को प्रेम ।

रोमी १०:१० [10] हो, हामी हृदयले विश्वास गर्छौं त्यसैले हामी धर्मी बनाइका छौं। अनि हामी विश्वास गर्छौं भन्ने स्वीकार गर्न हामी आफ्ना मुख खोल्दछौं त्यसैले हामी बचाईएका छौं। हामीले मुख खोल्यौं र विश्वास गर्यौं अनि हाम्रो उद्धार भयो।

बाइबल अर्थात बचनको बिश्वास भनेको हृदयले गर्नु पर्छ ।धेरै जनाले मनमा बिश्वास गरेको हुन्छ तर हृदयले गर्दैन । परमेश्वरलाइ हृदय बाट बिश्वास गरेको मात्र मान्नु हुन्छ ।

रोमी ५:५ [5] अनि यस आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू पारिपूर्ण पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो प्रेम दिनुभो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई उपहार हो।

प्रेम पनि हृदयमा हो । बिश्वास र प्रेम दुबै हृदयमा हो ।

१ पत्रुस ३:४ [4] अहँ, तिमीहरुको सुन्दरता तिमीहरुको भित्रबाट आउनु पर्छ। त्यो नम्र अनि शान्त आत्माको सुन्दरता हो। त्यो सुन्दरता कहिले पनि धमिलिँदैन। यो परमेश्वर अघि अत्यन्तै मूल्यवान हो।

भित्र हृदयमा एउटा लुकेको ब्यक्ति छ । बाहिर एउटा मान्छे छ । त्यो भित्रको मान्छेले बिश्वास गर्छ र प्रेम गर्छ ।

युहन्ना ५:२४ [24] "म तिमीहरूलाई साँचो भन्दछु, यदी कुनै व्यक्तिले मेरो कुरा सुन्दछ र मेरा पितामा विश्वास गर्दछ भने उसले अनन्त जीवन पाउनेछ। त्यो मानिसलाई कहिल्यै न्याय गरिनेछैन। उनी मृत्युबाट बाहिर आएका हुन् अनि जीवनमा प्रवेश गरेकाहुन्।

बिश्वास हृदयमा हुन्छ । आज पनि येशुको कुशको मृत्युको बारेमा मनले अर्थात दिमाख लगाउदा हामी धेरै कुरा बुझ्दैनौ । यि सबै कुराहरु हामी हृदयले बिश्वास गर्छौ मनले होइन । मनले बिश्वास बिज्ञान पढ्ने हरुले गर्छन् । हामीले यो संसारको शृष्टिको बारेमा हृदयले हो बिश्वास गर्ने । हृदयको बिश्वासले मृत्यु देखि जीवनमा प्रवेश गर्दछ ।

१युहन्ना ३:१४ [14]हामी जान्दछौं कि हामीले मृत्युलाई नाघेर जीवनमा आएका छौं। हामी यो जान्दछौं किनभने हामी ख्रीष्टमा भएका हाम्रा भाइ अनि बहिनीहरुलाई प्रेम गर्छौं। मानिस जसले प्रेम गर्दैन उ अझ मृत्युमा छ।

यदि हामी हृदयले बिश्वास गर्छौ भने हामी हाम्रो मण्डलीको दाजु भाइ र दिदी बहिनीहरुलाइ प्रेम गर्छौ । यो हो हृदयले बिश्वास गरेको चिन्ह । हामी एउटै परिवार भयौ भनेको एउटै परमेश्वरमा हृदय देखि प्रेम गर्छौ र हामी मा एक अर्का प्रति प्रेम हुन्छ । त्यसैले जब हामी एउटा मण्डलीमा जान्छौ भने त्यहाँको आराधना , प्रार्थना र अरु चिज हेर्ने होइन हामीले त्यो मण्डलीमा येशुको सिद्धान्तमा आधारीत छ कि छैन , त्यो हामीले हेर्नु पर्छ । जब पेन्टिकोस्टको दिनमा मण्डली स्थापना भए पछि सबै भन्दा पहिला प्रेरीतहरुको सिद्धान्तमा खडा भयो । सिद्धान्त गलत भयो भने हाम्रो बिश्वास पनि गलत हुन्छ । परमेश्वर आराधना र प्रार्थना हेरेको होइन बिश्वासमा गरेको प्रार्थना र बिश्वासमा गरेको आराधना हेर्नु भएको हो । परमेश्वरको आराधना गर्ने दाउदको आराधना पनि परमेश्वरले मान्नु भएन कारण सिद्धान्त गलत थियो । पुजाहारीहरुले संन्दुक नबोकेर बेल गाडिमा दाउदले लिएर आएको कारण मानिसहरुले नाच्दै आराधना गरेता पनि परमेश्वरको सिद्धान्त अनुसार नभएको कारण उनीहरु मरे । परमेश्वरले आराधना गर्ने मान्छेलाइ होइन सत्य र आत्मामा आराधना गर्ने मान्छेलाइ खोज्नु हुन्छ । परमेश्वरको शिद्धान्त सत्य हो । यदि सत्य होइनभने मेरो बिश्वास गलत हुन्छ । एउटा घरको मुख्य कुरा भ्याल होइन जग हो । घरको जग राम्रो छैन भने त्यो माथि बनाएको सबै घर ढल्छ । येहोशुलाइ परमेश्वरले तयार गर्नको लागी ४० शाल लगाउनु भयो । उजाड स्थानमा पहिलो पुस्ता मर्दैछ होइन असल परमेश्वरको इच्छामा आराधना गर्ने दोस्रो पुस्ता उठ्दैछ । यहोशुले जस्तै सुकै मान्छे भएता पनि मोशाको जस्तै आफ्ना जातिलाइ प्रेम गर्न सिक्दैछ । खालि बिश्वासमा मात्र अगाडि बढेर हुदैन जब सम्म येशुको हृदय जस्तो हाम्रो हृदयमा प्रेम हुदैन तब सम्म हामीले बिश्वासमा सिकिने रहनु पर्छ । चेलाहरु जादाँ खेरी परमेश्वरको अभिशेक उनहिरु संग थियो । परमेश्वरले चमत्कारको काम गर्दा उनीहरु उत्साहित भए । र पनि जब उनीहरुको बिरुद्धमा मान्छे उठ्दा खेरी उनीहरुलाइ एक दम रिस उठ्छ । कारण परमेश्वरको जस्तो हृदय उनीहरुमा छैन । येशुमा भिडहरुलाइ हेर्दा दया मात्र छ । क्रुशमा पनि दया मात्र छ । परमेश्वरको हाम्रो जीवनमा योजना येशुको स्वरुपमा हामीलाइ तयार गर्नु हो ।

गन्ती १४:६-८ [6]नूनको छोरो यहोशू र यपून्नेको छोरो कालेब भूमिको जाँच गर्न जानेहरू मध्ये दुईजना थिए तिनीहरूले लुगाहरू च्याते मानिसहरूले गनगन गरेकोमा तिमीहरूको दुःख।
[7]यहोशू र कालेबले इस्राएलका सम्पूर्ण समुदायलाई भने, "यो भूमि जसलाई हामीले जाँच गर्यौं त्यो धेरै राम्रो भूमि छ।
[8]यदि परमप्रभु हामीसित सन्तुष्ट हुनु भए उहाँको अगुवाईमा हामीलाई त्यस भूमिमा पुर्याउनु हुनेछ अनि त्यो दूध र मह बग्ने भूमि हामीलाई दिनु हुनेछ।

यहोशु १४:७ [7]हामी जहाँ जाँदै थियौं परमप्रभुका दास मोशाले मलाई भूमि हेर्न पठाउनुभयो। त्यस समयमा म चालीस वर्षको थिएँ। जब म फर्के, जो यसको बारेमा इमान्दारी साथ मैले अनुभव गरेको थिएँ। मैले मोशालाई भने।

१० जनाले सक्दैन भनेको कुरा यहोशु र कालेब ले सक्छ भनेर भने किनकी उनीहरुले हृदय बाट परमेश्वरमा बिश्वास गरेका थिए । बिश्वास हृदयले गर्नु पर्छ । जब सबै कुरा मेरो बिरुद्धमा भए ता पनि के म एक्लै बिश्वासमा खडा हुन सक्छु ? त्यो हृदयको बिश्वास । १० जनाले सक्दैन भनेको ठाउमा परमेश्वरले प्रतिज्ञा गरेको कुरामा येहोशुले हृदयमा बिश्वास गरेर एक्लै खडा भए । अगुवा हुनको लागी सबै भन्दा पहिला अमालेकी संग शारीरिक इच्छाको बिरुद्धमा लडाइ गनु पर्छ दोस्रोमा हर दिन परमेश्वरको उपस्थितीमा जानु पर्छ । त्यस पछि परमेश्वरको उपस्थितीमा बस्नु पर्छ । त्यस पछि येशुको जस्तो प्रेम को हृदय हुनु पर्छ । पाचौ कुरा

गन्ती २७: [18]त्यसकारण परमप्रभुले मोशालाई भन्नुभयो, "यहोशू नूनको छोरो यी मानिसहरूका नयाँ अगुवा हुनेछन्। ऊसित आत्माको ज्ञान छ तिम्रो हातहरू उसको शिर माथि राखेर उसलाई अगुवा झैं नियुक्त गर।
[19]तिनलाई पूजाहारी एलाजार अनि सारा मानिसहरूको अघि राख र अगुवा बनाऊ।
[20]"उसलाई अधिकार देऊ यसकारण इस्राएलका सम्पूर्ण समूदायले उसलाई सुन्ने छ।

यि सबै कुरा हामी संग भएता पनि हामी पर्खिनु पर्छ । किनभने सबै कुराको एउटा समय छ । परमेश्वरले मोशालाइ यसरी भन्नु भयो तिम्रो अधिकार बाट केहि यहोशुलाइ देउ पुरा होइन ।यसरी परमेश्वरले यहोशुलाइ तयार गर्नु भयो ।

व्यबस्था ३४:९ [9]मोशाले यहोशूमाथि आफ्नो हात राखेका थिए अनि उनलाई नयाँ अगुवा नियुक्त गरे। तब नूनका छोरा यहोशू बुद्धिको आत्माले भरिए। यसकारण यहोशूले भनेको इस्राएलीहरूले मान्न थाले परमप्रभुले मोशालाई दिनु भएको आज्ञाहरू तिनीहरूले पालन गरे।

यो मोशाको मृत्युको पछि हो ।परमेश्वरले यहोशु संग भन्नुभयो यतिका बर्ष सम्म मैले तिमीलाइ मोशाको अधिनमा राखे अब मोशा मर्‍यो अब तिमी उठनु पर्छ । हामी पनि परमेश्वरको बाटोमा नगएर दौडेर अगाडि गयो भने हामी एक दिन लड्छौ । त्यसैले येशुले भन्नुभयो म हु बाटो । त्यो बाटो परमेश्वरले हामीलाइ परमेश्वरको बचन बाट देखाउनु हुन्छ । हाम्रो लडाइ दुष्ट चालहरुको बिरुद्धमा हो त्यो हाम्रो शक्तिले जित्न सक्दैनौ त्यसको लागी परमेश्वरको शिदान्तमा र उहाँको बाटोमा नै निरन्तर चल्नु पर्छ । परमेश्वरले हामीहरुको जीवनमा शन्तहरु राखीदिनु भएको छ । याकुब , मोशा ,युसुफ, यहोशु एलिया , यलिशा दानियल उनीहरुको जीवन बाट हाामीले सिक्नु पर्छ । किनभने उनीहरु जीवनको अन्त सम्म परमेश्वरको बाटोमा नै चले । उत्तरधिकारी को रुपमा चल्नको लागी हामीले यिनीहरु बाट सिक्नु पर्छ ।

प्रकास २१:७ [7]कुनै मानिस, जसले विजय प्राप्त गर्छ, यो सबै प्राप्त गर्नेछ। अनि म उसको परमेश्वर हुनेछु। अनि उ मेरो छोरो हुनेछ।

बिजय प्राप्त गरे पछि अनन्त कालको लागी उत्तराधिकारी हुन्छ । प्रकासको पुस्तकमा परमेश्वरको सबै भन्दा ठुलो प्रतिज्ञा यो हो । हाम्रो यसमा ध्यान हुनु पर्छ । हामीले सबै कुरामा पास भएपछि पाचौमा परमेश्वरले अधिकार दिनुहुन्छ । र त्यो अधिकार हामीले चलाउन जान्नु पर्छ । कति जनाले अधिकार चलाउन नजानेको कारण मारपिट गर्छन् । र उनीहरु धेरै नै निस्ठुरी हुन्छन् । येशु संसारको मालिक श्वर्ग र पृथ्वीको अधिकार उहाँमा भएर पनि उहाँ अतिनै नम्र हुनुहुन्थ्यो ।

यहोशु १:१ मोशा परमप्रभुका दास थिए। नूनका छोरा यहोशू मोशाका सहायक थिए। मोशाको मृत्यु भए पछि, परमप्रभु यहोशूसित बात गर्नुभयो। परमप्रभुले भन्नुभयो,

परमेश्वरले यस्तो भन्नुभयो ।यो भन्दा पहिला परमेश्वरले यहोशु संग यस्तो भन्नुभयो भनेर लेखेको छैन । त्यो भन्दा पहिला परमेश्वर मोशा संग कुरा गर्नु हुन्थ्यो । यहोशुले आफ्नो स्थान बनाएको थियो जसले गर्दा परमेश्वर उ संग बोल्नु भयो । त्यसै गरी हामी पनि चाहन्छौ कि परमेश्वर हामी संग बोल्नु भएको होस् भनेर त हामी पनि त्यो स्थानमा हुन जरुरी छ ।

उत्पत्ति ३:८-९ [8]जब साँझको हावा बहिरहेको थियो परमप्रभु परमेश्वर बगैंचामा घुमिरहनु हुँदा ती पुरुष र स्त्रीले परमप्रभु परमेश्वरको आवाज चाल पाएर तिनीहरु बगैंचाको रुखहरुमाझ लुके।
[9]परमप्रभु परमेश्वरले त्यस पुरुष मानिसलाई बोलाउनु भयो अनि सोध्नु भयो, "तिमी कहाँ छौ?"

परमेश्वर र मानिस बिचमा संगती गर्ने एउटा जगा थियो । जब परमेश्वर आउनुभयो आदम त्यो जगामा थिएन । त्यस पछि परमेश्वरले आदमलाइ बोलाउनु भयो र भन्नुभयो तिमी काहाँ छौ ? आदम त्ये जगामा छैन किनकी अहिले आदम परमेश्वरको अधिनमा होइन सैतानको अधिनमा हो ।

१ कोरिन्थी ११:३ [3]म चाहन्छु कि तिमीहरूले यो पनि जानि राखः प्रत्येक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ। अनि स्त्रीको शिर पुरुष हो। र ख्रीष्टको शिर परमेश्वर हुन्।

येशु हरदिन परमेश्वर बाट सुन्नुहुन्थ्यो किनकी उहाँको शिर परमेश्वर हुनुहुन्थ्यो । उहाँको जीवन संसारको ,सैतानको र कसैको पनि अधिनमा थिएन उहाँको जीवन सिर्फ परमेश्वर पिताको अधिनमा थियो । समुन्द्रमा पनि , भिडमा पनि , जगाको जाहाँ पनि हुन सक्छ तर जगा जाहाँ भए पनि उहाँ परमेश्वरको अधिनमा हुनुहुन्थ्यो । पुरुषको शिर येशु हो यदि हाम्रो शिर येशु हो भने येशुलाइ हर अबस्थामा सुन्न सक्छौ । उहााको अधिनमा बस्न सक्छौ । स्त्रीको शिर उसको पति हो । यदि उसको शिर उसको पति हो भने उसको अधिनमा बस्न सक्छन् । परमेश्वरमा एउटा क्रम छ । त्यसलाइ हामीले पालन गर्नु पर्छ । परमेश्वरको सिद्ध इच्छा जान्नको लागी परमेश्वरको आवाज सुन्नु पर्छ त्यो आवाज सुन्नको लागी पनि एउटा जगा छ जाहाँ पायो त्यहाँ परमेश्वर बोल्नु हुन्न । जब हामी यहोशु को जस्तै परमेश्वरको अधिनमा हुन्छौ । र हामीले एउटा जगा बनाउछौ तब हामी संग पनि परमेश्वर यहोशु संग जसरी बोल्नु भयो र अगुवा बनाउनु भयो त्यसै गरी हामी संग पनि बोल्नुहुन्छ । एक दिन परमेश्वर आएर यहोशु संग भन्नुभयो अब मोशा मर्‌यो तिमी कसैको पनि अधिनमा बस्नु पर्दैन । अब तिमी हौ अगुवा अब देखि सबैलाइ तिमीले अगुवाइ गर्नु पर्छ । त्यसको मतलब सिनियर पाष्टर मर्नु पर्छ भनेको होइन । यदि परिपक्वतामा पुगेको छ भने सिनियर पाष्टरले पनि बुझ्छ । त्यस पछि परमेश्वरले जिम्मेवारी दिनुहुन्छ र त्यस पछि उ कसैको अधिनमा बस्नु पर्दैन ।

१कोरिन्थी १३:१०-११ [10]तर जब धेरै पूर्णता आउँछ तब ती अपूर्णताको अन्त्य हुनेछ।
[11]जब म बालक थिएँ, म बालक जस्तै बोलें, बालक जस्तै सोचें, बालकले जस्तै योजनाहरू बनाएँ। जब म एउटा मानिस भएँ, मैले ती बालकपनको तरिकाहरू त्यागिदिएँ।

धेरै जना परमेश्वरको माहान दासहरु एक दिन बालक जस्तै थिए । तर आज बालक बाट मानिस अर्थात परिपक्वतामा पुगे । त्यस पछि सबै बालक को श्वभाब त्यागिदिए । त्यस कारणले पावलले कोरिन्थी को मण्डली लाइ भने कहिले सम्म तिमीहरु म म मात्रै भन्छौ म म भन्ने त बालकले मात्र भन्छ । त्यहि नानी पनि परिपक्वतामा पुग्यो भने परमेश्वर सिधा बोल्न सक्नुहुन्छ । सामुयल आफ्नो आमा बाबाको आज्ञामा नै बसे एक दिन सामुयललाइ मन्दिरमा लगेर यलिको हातमा दिए त्यहाँ पनि यलिको आज्ञामा नै बसे एक दिन सामुयल उमेरमा ठुलो नभइकन परमैश्वर सामुयल संग बोल्नु भयो । किनभने उ उमेरमा परिपक्व नभए पनि परमेश्वरमा परिपक्व भइ सकेको थियो । त्यसकारणले यो उमेरको कुरा होइन यो परिपक्वताको कुरा हो ।

यहोशु १:२ [2]"मेरो दास मोशाको मृत्यु भयो। अब तिमी अनि यी मानिसहरू यर्दन नदी पार गरी जानु पर्छ। तिमीहरू त्यो भूमिमा अवश्यै जानु पर्छ जुन चाहि तिमीहरू इस्राएलका मानिसहरूलाई दिदैछु।

उठ भनेको कुरा आत्मिक सत्य हो । आत्मामा उठ्नु भनेको सानो कुरा होइन । यो ठुलो कुरा हो । उठ्नु भनेको परमेश्वरको बोलावट हो ।

उत्पत्ति १३:१४ [14]लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर।

[17]यसर्थ अघि बढ, आफ्नो सम्पूर्ण भूमिमा हिंड किनभने मैले यो तँलाई दिएको छु।"

लुत गए पछि परमेश्वर अब्राहाम संग बोल्नुभयो र त्यस पछि भन्नुभयो अब उठेर हिड भनेर भन्नुभयो । अहिले सम्म परमेश्वर अब्राहाम संग बोल्नु भएन जब लुतले अब्राहामलाइ छोडे पछि परमेश्वर अब्राहाम संग बोलेर उठ भन्दै हुनुहुन्छ । पहिला अब्राहामको लागी बिश्वास नगरेको बाबा बाधा भयो जब सम्म उसको बाबा मरेन तब सम्म अब्राहामले हारान छोड्न तयार भएन । जब बाबा मर्‌यो त्यस पछि प्रतिज्ञाको देश गयो फेरी अब्राहामले आफु संगै लुतलाइ पनि लग्यो । फेरी जब सम्म लुत संग अलग भएन तब सम्म परमेश्वरले आफ्नो योजना बताउनु भएन । परमेश्वको अब्राहामलाइ प्रतिज्ञाको देश दिने योजना थियो तर जब सम्म उसको बाबा तेह्र उसको जीबनमा थियो , जब सम्म लुत उसको जीवनमा थियो । परमेश्वरले अब्राहामलाइ प्रतिज्ञाको देश दिन सक्नु भएन । त्यसैगरी बिभिन्न शांसारीक थोक हाम्रो जीवनमा हुन्छ भने हाम्रो जीवनमा पनि परमेश्वरको योजना हाम्रो जीवनमा पुरा गर्न सक्नुहुन्न । धेरै बिश्वासीहरुले परमेश्वरले उठ् भनेको मृत्युको अगाडि मात्र सुन्छन् ।

उत्पत्ति १९:१५ [15]अर्को बिहानै उज्यालो हुन लाग्दा ती स्वर्गदूतहरूले लूतलाई चाँडो गर्न लगाए। तिनीहरूले भने, "हेर, यो शहरलाई दण्ड दिइन्छ। यसर्थ तिम्री पत्नी अनि छोरीहरू जो यहाँ छन् तिनीहरूलाई लिएर शहरबाहिर जाऊ। यसो गरे तिमीहरू यो शहरसितै नष्ट हुने छैनौ।"

लुतले परमेश्वरको आवाज जीवनको अन्त्यमा सुन्दैछ किनभने लुत कहिले पनि अधिनमा बसेन । पत्रुसले भन्छन् लुत पनि धार्मिक मान्छे थिए ।तर उसले परमेश्वरको आवाजलाइ कहिले पनि सुनेन । उसले उसको जीवनको अन्तको दिनमा परमेश्वरको आवाज सुन्यो । त्यसैगरी हामी पनि बिश्वासी त हौ तर परमेश्वरको आवाज सुन्दैनौ र हाम्रो जीवनको अन्तमा परमेश्वर बोल्नुहुन्छ उठ् र तेरो प्राण मलाइ दे । जीवनमा परमेश्वरको योजना पुरा गर्न सक्दैनौ । अब्राहमको लागी परमेश्वरको बोलावट बाट उसको जीवन सुरु हुदैछ । हामीं जीवनमा पनि हामीले येशुको जीवन हामीमा खोज्नु पर्छ संसारका कुराहरुमा होइन । येशुको जीवन हामीमा हुनको लागी संसारको सबै कुरा त्याग्न परे पनि तयार हुनु पर्छ त्यस पछि परमेश्वरले त्यसको अनुसार शिक्षा आत्माले दिनुहुन्छ । हामीले खोजेको अनुसार हामीले पाउछौ ।तर प्रस्न यो हो कि हामीले के खोजेका छौ ? येशुले युहन्ना सुसमचारको पुस्तक अनुसार दुइ जना युहन्नाका चेलाहरुलाइ प्रस्न सोध्नु भयो तिमीले के खोजेको । उनीहरुले भने तपाइ काहाँ बास बस्नुहुन्छ ? येशुले भन्नुभयो आइजो म संग बास बस । किनभने हामीले खोज्ने अनुसारै हामीले पाउछौ । येशुलाइ खोज्यो भने येशुलाइ पाउछौ । येशुको जीवनलाइ खोज्यो भने येशुको जीवन हामीले पाउछौ ।

उत्पत्ति २१:१८ [18]जाऊ, अनि बालकलाई सहायता गर उसको हात समात अनि सगँ-संगै हिंडाऊ। म उसलाई धेरै धेरै मानिसहरूको पिता बनाउनेछु।"

हागार मर्नको लागी तयार थिइन् । परमेश्वरले भन्नुभयो हागार उठ् र यो बालाकलाइ हातले समातेर संग संगै हिडाउ । परमेश्वरले जो जो स्त्री संग बचनमा बोल्नु भयो ।त्यो स्त्री संग पुरुषको बारेमा मात्र बोल्नुभएको छ । स्त्रीको बारेमा बोलेको छैन किनभने स्त्रीको योजना पुरुष संग जोडेको छ । हागार संग बोल्नुहुन्छ तर योजना उनी संग होइन केटा संग हो । देबोरा संग बोल्नुहुन्छ तर योजना बाराक संग हो । त्यसै गरी मरियम संग बोल्नुहुन्छ योजना येशु संग हो । एउटा स्त्रीलाइ पनि परमेश्वरले उठाएको छैन । पुरुष उठाउन मात्र चलाउनु भएको छ । पुरानो नियम मा र नयाँ नियम दुबैमा बोलेको छैन । मरियम संग उहाँ बौरी उठ्नु भएको कुरा गएर भाइहरु संग बोल्नु भन्नुभयो बहिनीहरु संग भन्नुभएन । परमेश्वर कमको परमेश्वर हुनुहुन्छ । आदम पहिला बनाएको हो हब्वा होइन । उद्धार को पछि उता अलग हुन्छ त्यहाँ पुरुष र स्त्री छैन यता छ । बगैचामा हब्वाले अगुवाइ गरेको कारण मानिस जाति पापमा गिरे । याकुबको दुइ वटा श्रीमति थिए उनीहरुको नानीहरुको सबै नाम याकुबले होइन याकुबको श्रीमतीले राखे । अन्तिमको छोरा बेन्जामिनको नाम राख्न पनि आमा मरेको कारणले याकुबले अबसर पाए । परमेश्वर बगैचामा आएर हब्वा संग कुरा गर्नु हुन्न आदम तिमी काहाँ छौ भनेर भन्नुहुन्छ । हागारलाइ परमेश्वरले उठ् भनेको कुरा नसुनेको भए मुसलमानहरु आज हुने थिएनन् ।

उत्पत्ति ३१:१३ [13]म तिमी कहाँ बेतेलमा आउने परमेश्वर हुँ। त्यस ठाउँमा तिमीले एउटा वेदी बनायौ। तिमीले त्यस वेदीमा भद्राक्षको तेलले अभिषेक गर्यौ अनि त्यस ठाउँमा तिमीले मसित भाकल गरेका थियौ। अब म चाहन्छु तिमी आफ्नो भूमि जहाँ तिमी जन्मेका थियौ त्यहाँ जान तयार होऊ।"'

उत्पत्ति ३५:१ रमेश्वरले याकूबलाई भन्नु भयो, "बेतेल शहरमा जाऊ, त्यहाँ बस अनि पूजा गर्नलाई त्यहाँ एउटा वेदी बनाऊ। 'एल' लाई स्मरण गर, ती परमेश्वर जो तिमी दाज्यू एसावदेखि बाँच्नको लागि भाग्दै थियौ, त्यस समय तिमीलाई परमेश्वरले दर्शन दिनु भएको थियो। तिमीले आराधना गर्नको निम्ति त्यहाँ एउटा वेदी बनाऊ।"

याकुबलाइ परमेश्वरले बेतेल शहरमा जा र उतै बास गर् भन्नुभएको थियो । तर याकुबले यो परमेश्वरको आवाजलाइ सुनेन । याकुबले यो नसुनेर सेकेममा बास गर्न गयो जसले गर्दा उसको छारी दिना मरिन् र लेवि र सियोन शहरको मान्छेहरु मरे । कारण याकुबले उठ्न भनेको सुन्यो तर बाकी कुरा मानेन हामीले उडाउ पुत्रको बारेमा हेर्ने हो भने उ आफै उठेर सम्पत्ति लिएर गयो । र सबै उडायो र उसको नास भयो नास भए पछि

लुका १५:१८ [18]म उठ्छु अनि यहाँबाट बाबुकहाँ जान्छु अनि म उनलाई भन्नेछु हे पिता! मैले परमेश्वर अनि तपाईंको अघि पनि पाप गरें

[20]यसरी त्यो केटो उठयो अनि आफनो बाबु भेट्न गयो।"जब निकै पर देखि उ आँउदै थियो, त्यसको बाबुले देखे अनि आफ्नो छोरोप्रति बाबूको मनमा खुबै दया जाग्यो। अनि बाबु छोरो भएकहाँ दगुर्दै गएर अँगालो हाले औ म्वाँई खाए।

उ उठेर आफ्नो बाबा काहाँ गयो धेरै जना उठेर बाबा काहाँ जादैनन् । परमेश्वर भन्नुहुन्छ उठेर जाँ । एक दिन जान्छु भन्दा त्यो एक दिन आउदैन । उता बाबाकोमा सबै तयार छ राम्रो लुगा , औठि , जुत्ता सबै तयार गरेर राखेको छ । हामीले गर्नु पर्ने कुरा उठेर फर्केर जानु पर्छ । बचनमा भनेको गर् , उठ् भनेको सानो कुरा होइन । यो ठुलो कुरा हो । यो शब्द हामीले सुन्नु पर्छ र त्यसलाइ पालन गर्नु पर्छ नत्र भने हामै जीवन नास मानै जान्छ । यर्दन नदि पार गर्नको लागी कुनै पनि अगमबक्ताहरु तयार भएनन् । यलिशाले यर्दन नदि पार गरे । यर्दन नदि पार गरे पछि मात्र यलियाले यलिशा संग सोध्यो तिमीलाइ के चाहियो ? गिलगालमा सोधेन , जेरीकोमा सोधेन , बेथेलमा सोधेन त्यसै गरी हामीलाइ परमेश्वरले तिमी के चाहन्छौ ? सोध्नु हुन्न किनभने हामीले यर्दन नदी पार गरेका छैनौ । यहुदाले येशुलाइ तिरस्कार गरेर गयो बाकि सबैले छोडेर गए पछि येशुले बाकि ११ जना चेलाहरु संग भन्नु भयो । तिमीहरुले मेरो नाममा पिता संग माग्न सक्छौ परमेश्वरले तिमीहरुलाइ दिनुहुनेछ । किनकी तिमीहरु जीवनको अन्त सम्म म संग रहयौ । हामीले आफु आफैलाइ यो प्रस्न सोध्नु पर्छ के म मेरो जीवनको अन्त सम्म जे सुकै मेरो जीवनमा आएता पनि , सबैले मलाइ तिरस्कार गरेता पनि के म परमेश्वर संग हुन्छु ? कालेबले भने मोशाले यो देश हेर्न पठाएको अहिले मेरो उमेर ८५ शाल भएर पनि मेरो जीवनमा जोस घटेको छैन । कपाल त सेतो भएको छ । तर मेरो तागत घटेको छैन । कारण जब सम्म लक्षमा पुग्दैन मेरो तागत घट्दैन । हाम्रो जीवनमा पनि त्यस्तो लक्ष राख्नु पर्छ । येशुले प्रसस्त जीवन लिएर आउनुभयो ।त्यो जीवन पाउनको लागी बिश्वासमा जीवनको अन्त सम्म परमेश्वरमा चल्नु पर्छ । अनि हामी पावलको जस्तै भन्न सक्छैं मैले मेरो दौड पुरा गरे र मैले धार्मीकतालाइ बिश्वासमा जोगाएर राखे अब मेरो लागी धार्मीकताको मुकुट राखेको छ । आमेन

*प्रर्थना*

*प्रभु धन्यबाद, धन्यबाद धन्यबाद येशु तपाइ हो सत्य , तपाइको आत्मा हो सत्य र तपाइको बचन हो सत्य । सत्यको बाहिर स्वतन्त्रता छैन । त्यो सत्य सुनेर , त्यो सत्य मानेर त्यस सत्यमा चल्नको लागी हामीलाइ अनुग्रह गर्नुस् प्रभु । प्रभु तपाइ यो संसारमा जीवन लिएर त्यो पनि प्रसस्त जीवन लिएर आउनु भयो हो प्रभु हामीलाइ त्यहि जीवन चाहियो । हामीलाइ त्यो जीवन दिनुहोस् प्रभु । आदर , महिमा सबै प्रभु तपाइलाइ यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन ।*